नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## महोत्तरी, जलेश्वर

प्र.जि.अ. निवास-५२०१५५
कार्यालय-५२०१७७
फ्याक्स नं.- ५२०२००
Email:-daomahottari@moha.gov.np
Web:-daomahottari.moha.gov.np

पत्र संख्याः-प्र/२०७६/०७७ मितिः-२०७७/०३/०७
च.नं.-५९४८

विषयः-सूचना ।

कोभिड-१९ को जोखिमबाट नागरीकको जीवन रक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकार (मन्त्रिपरिषद)को मिति २०७६/१२/०९ गतेको निर्णयले मिति २०७६/१२/११ देखि लागू हुने गरी जारी गरीएको बन्दाबन्दी (Lockdown) को आदेश परिवर्तित रुपमा हाल कायमै रहेको छ । बन्दाबन्दीको अवस्था क्रमिक रुपमा खुकुलो भएको वर्तमान परिस्थितिमा तपसिल बमोजिमका मापदण्डहरु पालना गर्न हुन निजी उद्योग व्यवसाय सञ्चालन गर्ने निकायहरु, सबै संघ संस्था र आम नागरिकहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क) कोभिड-१९ संक्रमणको जोखिम कायम नै रहेको हुँदा सबै नागरिकले स्वास्थ्य सम्बन्धी उच्च सतर्कता अपनाएर वा स्वयं जागरुक भएर मात्र आफ्ना नियमित काम कारबाहीहरु सञ्चालन गर्ने,

ख) अत्यावश्यक काम बाहेक आफू रहेको आवास/कार्यस्थलबाट अन्यत्र आवतजावत नगर्ने/नगराउने,

ग) आवतजावत गर्दा वा कार्यस्थलमा कार्यरत रहँदा न्यूनतम २ (दुई) मिटरको सामाजिक दूरी कायम गर्ने/गराउने,

घ) तोकिएको वस्तु वा सेवाको कारोबार गर्दा वा कार्यस्थलमा कामकाज गर्दा, सेवा प्रवाह एवं आवतजावत लगायतका कार्यमा संलग्न रहने व्यक्तिहरुले अनिवार्य रुपमा मास्क प्रयोग गर्नु पर्ने, स्यानिटाइजर साथमा राख्ने,

ङ) तोकिएको सेवा प्रदायक संस्थाहरु व्यवसायीहरु आदिले आ-आफ्ना निकायबाट सेवा प्रवाह गर्दा सेवा प्रदायक र सेवाग्राहीहरु (क्रेता/विक्रेता) वीचको २ (दुई) मिटरको सामाजिक दूरी कायम गर्ने/गराउने, सम्भव भए सम्म सामानहरुको स्यानिटाइज गर्ने/गराउने व्यवस्था गर्ने,

२०७७।३।८
प्रशासकिय अधिकृत

च) अनुमती प्राप्त अन्तर्राष्ट्रिय नाकाबाट प्रवेश गर्ने सबै व्यक्तिहरुले न्यूनतम २ (दुई) मिटरको सामाजिक दूरी कायम गर्ने, तोकिएको वा भारत बाहेक अन्य मुलुकबाट नेपाल प्रवेश गर्ने व्यक्तिको हकमा स्वेच्छिक क्वारेन्टिन वा होटल क्वारेन्टिनमा सार्वजनिक शान्ति र सुव्यवस्थालाई समेत पालना गरी बस्नुपर्ने, बस्दा समेत तोकिएको सामाजिक दुरी कायम गर्नु, गराउनु पर्ने,

छ) विवाह, ब्रतबन्ध, मृत्यु संस्कार, चाडपर्व, पुजा पाठ, लगायतका सामाजिक तथा साँस्कृतिक कार्यक्रमहरु गर्नै पर्ने अवस्थामा तोकिएको सामाजिक दूरीको सुनिश्चितता कायम गर्ने, गराउने र यस प्रकारका जमघटहरुमा १५ (पन्ध्र) जना भन्दा बढी आगन्तुक व्यक्तिहरुको भेला नहुने, हुन नदिने,

ज) अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्तिलाई राती १०:०० बजे देखि बिहान ५:०० बजे सम्म हिंडडुल गर्न पूर्णतः निषेध गर्ने,

झ) मालसामान ढुवानी गर्ने कुनै पनि प्रकारको सवारी साधनहरुले चालक, सहचालक बाहेक अन्य कुनै पनि यात्रुहरुको ओसारपसार नगर्ने/नगराउने,

ञ) उत्पादनमूलक क्रियाकलाप, उद्योग कलकारखाना, भौतिक पूर्वाधार निर्माण, विकास निर्माण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा गराउँदा एक स्थानमा एक पटकमा १० जना भन्दा बढी व्यक्तिहरु जम्मा हुन नपाउने व्यवस्था सम्बन्धित व्यवस्थापक/निर्माणकर्ता/उद्योगी/व्यवसायीले मिलाउने, सम्बन्धित कामदार/श्रमिक/कर्मचारीले पनि अनावश्यक भीडभाड नगर्ने,

ट) जेष्ठ नागरिकहरु, दीर्घरोगीहरु, सुत्केरी, गर्भवती महिला, १० वर्ष भन्दा कम उमेरका बालबालिका र अशक्तहरुलाई अत्यावश्यक तथा स्वास्थ्य प्रयोजनमा बाहेक आफ्नै घरमा रहन प्रोत्साहित गर्ने/गराउने । उपचारका क्रममा अस्पतालमा लैजादा र ल्याउँदा समन्वय र सहजीकरण गर्ने ।

ठ) आदेश कार्यान्वयनका लागि खटिएका तथा विपद्को समयमा खोज तथा उद्धार कार्यमा खटिने सुरक्षाकर्मीहरुले स्वास्थ्य सम्बन्धी उच्च सुरक्षा सतर्कता अपनाउने ।

यस सुरक्षा मापदण्डमा उल्लेख भएका व्यवस्थाहरुको उल्लंघन गरेमा अत्यावश्यक सेवा ऐन, २०१४ संक्रामक रोग ऐन, २०२०, मुलुकी अपराध संहिता २०७४ र स्थानीय प्रशासन ऐन, २०२८ तथा अन्य प्रचलित कानून बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ ।

२०७७।२।७

.....................

कामेश्वर यादव

प्रशासकीय अधिकृत